वीरगंज उपमहानगरपालिका कार्यालयको

# शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सूचना नं. .. ।०७३।०७४**

प्रथमपटक प्रकाशित मिति : २०७३।०४।२६

यस कार्यालय अन्तर्गत तपसिल बमोजिमका कार्यहरू शिलबन्दी दरभाउपत्र माध्यमद्वारा गराउनुपर्ने भएकोले उक्त कार्यहरू गर्ने सम्बन्धित इजाजत प्राप्त फर्मले आफ्नो फर्म दर्ता, मु.अ.क. दर्ता, आ.व. २०७१।०७२ को आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी यस कार्यालयबाट खरिद गरिएको दरभाउपत्र फारम रितपूर्वक भरी तपसिल बमोजमको रकम नेपाल राष्ट्र बैकमा वीरगंज उपमहानगरपालिका कार्यालयको नाममा रहेको धरौटी खाता नं. १७०४७०२-००१-१०३-५२४ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैकबाट सो रकम बराबरको ९० दिन म्याद भएको बैक ग्यारेन्टीको सक्कल प्रति संलग्न गरी सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालयबाट तपसिल बमोजिमको दस्तुर (पछि फिर्ता नहुने) तिरी खरिद गरेको दरभाउपत्र १६ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ। दर्ता भएका दरभाउपत्रहरू सोही दिनको २:०० बजे खोलिनेछ। दरभाउपत्रदाता वा प्रतिनिधिहरूको उपस्थिति नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन। दरभाउपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै भोलिपल्ट कार्यालय खुलेको दिनलाई दरभाउपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन मानिनेछ। अन्य जानकारी दरभाउपत्र फारममा उल्लेख गरिएकोछ। विशेष जानकारीको लागि कार्यालय समयभित्र कार्यालयको खरिद एकाइ/योजना शाखामा सम्पर्क राख्न सकिनेछ।

**तपसिल**

| सि.नं. | योजनाको नाम | स्थान | धरौटी वा बैक ग्यारेन्टी | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १. | धर्मशाला निर्माण | वडा नं. २० अलौमा कालीमाई मन्दिरमा | २०,०००.०० | ३००.०० |
| २. | ग्रेभल सडक निर्माण | वडा नं.२७ रामगढवा कृष्णनगर टोलमा भरत सहनीको घर भई काशी पटेल रामराज्य यादव, शिवनाथ पटेल चन्द्रेश्वर दास र ललन पटेलको घरसम्म | १८,०००.०० | ३००.०० |
| ३. | ढलान सडक निर्माण | वडा नं.१८ भिस्वा होटलदेखि पूर्व ओझाको घरदेखि केदार सिंहको घरसम्म र शिवजीको घर देखि दक्षिण उमेश ठाकुरको घरसम्म | २०,०००.०० | ३००.०० |
| ४. | नाला निर्माण | वडा नं.२० अलौमा मन्शीटोला हनुमान मन्दिरदेखि पश्चिम पोखरी हुँदै सिवान टोलसम्मको सडकमा | १८,०००.०० | ३००.०० |
| ५. | अधूरो नाला, कल्भर्ट तथा ग्रेभल सडक निर्माण | वडा नं. २२ विन्दवासिनीमा लालबाबू कलवारको घरदेखि उत्तर मेघनाथ सा कलवारको घरसम्म | २०,०००.०० | ३००.०० |
| ६. | नाला तथा खडन्जा सडक निर्माण | वडा नं.२४ लिपनी बिर्तामा राजदेव यादवको घरदेखि महमद आलमको घरसम्म | १८,०००.०० | ३००.०० |
| ७. | नदी नियन्त्रण कार्य | वडा नं.२८ श्रीसिया खल्वाटोलामा बोर्डर नजिक श्मशान घाट निर | २०,०००.०० | ३००.०० |
| ८. | नाला तथा सडक निर्माण | वडा नं.२३ हरपतगंजमा रामनारायण सिंह राजपूतको घरदेखि तुल्सी गोढको घर हुँदै विद्यानन्द प्रसादको घरसम्म | २०,०००.०० | ३००.०० |
| ९. | नाला तथा सडक निर्माण | वडा नं. २३ हरपतगंज अपौनी ट्रान्सफरमर निर नहरको पुलदेखि श्री गढीमाई मन्दिरसम्म | २०,०००.०० | ३००.०० |
| १०. | नाला तथा सडक ढलान | वडा नं. ३० उदयपुर घुर्मीमा जसौलीटोलमा दिनेश्वर दासको घरदेखि जसौलीपुलसम्म | १८,०००.०० | ३००.०० |
| ११. | नाला तथा ढलान सडक निर्माण | वडा नं. २४ लिपनीमा विजय पटेलको घरदेखि पूर्व शिवनाथ पटेलको घरसम्म | १८,०००.०० | ३००.०० |
| १२. | नाला तथा सडक निर्माण | वडा नं.२५ मनियारीमा बैजनाथ यादवको घरदेखि दनिप हतर बाबाको घरसम्म | २०,०००.०० | ३००.०० |
| १३. | नाला तथा सडक निर्माण | वडा नं. २६ परसौनी बिर्तामा जगन्नाथ दासको घरदेखि सातोमाईसम्म | २०,०००.०० | ३००.०० |
| १४. | ग्रेभल सडक निर्माण | वडा नं.२२ विन्दवासिनी ने.रा.प्रा.वि.देखि उत्तरतर्फ बगहुत बाबाको स्थान हुँदै नहरबाटोसम्म | १८,०००.०० | ३००.०० |
| १५. | ग्रेभल सडक निर्माण | वडा नं. २४ लिपनीमा अजुमु मियाँको घरदेखि उत्तरतर्फ जाने नन्दकुमार साहको घर हुँदै पूर्व | १८,०००.०० | ३००.०० |
| १६. | ग्रेभल सडक निर्माण | वडा नं. १८ बाइपास सडकदेखि पूर्व अरविन्द सिंहको घरदेखि पूर्व बैजलाल गुप्ताको घरसम्म | १८,०००.०० | ३००.०० |
| १७. | ग्रेभल सडक निर्माण | वडा नं. १८ बाइपास पूर्व प्रकाशनगरमा कृष्णकुमार झा अरविन्द कुमार झाको घरसम्म | १८,०००.०० | ३००.०० |
| १८. | ग्रेभल सडक निर्माण | वडा नं.१९ लक्ष्मीनारायण टोलमा रेणु सिंह, राकेश मिश्रा मनोज साह र डा.शैलेन्द्र सिंहको घरसम्म | १८,०००.०० | ३००.०० |
| १९. | नाला तथा पक्की सडक निर्माण | वडा नं. १६ पावरहाउस चोक पूर्व पदमरोडदेखि दक्षिण मुस्तकिम अन्सारीको घरदेखि रेन्जर अमर साहको घरसम्म | २०,०००.०० | ३००.०० |
| २०. | नाला तथा ग्रेभल सडक निर्माण | वडा नं. १ मा दिपलाल पटेलको घरदेखि पश्चिम शम्भु सोनारको घरसम्म | १८,०००.०० | ३००.०० |
| २१. | नाला तथा पक्की सडक निर्माण | वडा नं.३० उदयपुरघुर्मीमा गढीमाई मन्दिरदेखि वडा समिति कार्यालयसम्म | २०,०००.०० | ३००.०० |
| २२. | ढलान सडक निर्माण | वडा नं २९ अठराहा सुगौलीमा कल्भर्टदेखि रामरूपको घर हुँदै पश्चिम | २०,०००.०० | ३००.०० |
| २३. | नाला निर्माण | वडा नं. १२ शिवनाथ साह तेलीको घरदेखि पूर्व शत्रुघ्नको घरसम्म | १८,०००.०० | ३००.०० |
| २४. | सडक ढलान काम | वडा नं.१५ मुर्लीमा पर्सा पत्रकार महासङ्घको भवनदेखि अगाडि | १८,०००.०० | ३००.०० |
| २५. | पिच सडक निर्माण | वडा नं. १८ लक्ष्मनवामा पुरुषोत्तम झाको घर निर | १८,०००.०० | ३००.०० |
| २६. | नाला तथा सडक निर्माण | वडा नं.१८ भिस्वामा जय गुरुदेवको पसलदेखि पूर्व अच्छेलालको ग्यारेजदेखि पश्चिम उत्तर रामलगन कुशवाहाको घरसम्म | २०,०००.०० | ३००.०० |
| २७. | नाला तथा सडक निर्माण | वडा नं. १९ नगवामा दिनेश गिरीको घर निर | १८,०००.०० | ३००.०० |
| २८. | नाला तथा सडक निर्माण | वडा नं. १९ नगवा बाबा होटलदेखि दक्षिण जाने बाटोमा पूर्व स.ई.परमानन्द यादवको घरसम्म | १८,०००.०० | ३००.०० |
| २९. | सडक तथा नाला निर्माण | वडा नं. १६ पद्मरोडदेखि दक्षिण पूर्व शैलेन्द्र यादवको घरसम्म | १८,०००.०० | ३००.०० |
| ३०. | भवन निर्माण | वडा नं. १९ शुक्रराज विद्यालय परिसर सुधार र निर्माणमा सहयोग | २०,०००.०० | ३००.०० |
| ३१. | ढलान सडक निर्माण | वडा नं. २६ आफतको घरदेखि बुधैको पिपल बोटसम्म ढलान गर्ने | १८,०००.०० | ३००.०० |
| ३२. | बाटो पिच गर्ने | वडा नं. २४ वडा समितिदेखि चिकनी टोलसम्म पिच गर्ने | १८,०००.०० | ३००.०० |
| ३३. | बाटो पिच गर्ने | वडा नं. १६ र १७ राधेमाई मन्दिरको पुलदेखि गण्डकसम्म पिच गर्ने | १८,०००.०० | ३००.०० |
| ३४. | माटोपुरी ग्रेभल गर्ने | वडा नं. १८ चन्द्रिका प्रसाद सिंहको घरदेखि पश्चिम बैजुलाल ठाकुरको घरसम्म | १८,०००.०० | ३००.०० |
| ३५. | माटोपुरी ग्रेभल गर्ने | वडा नं. १६ दधो टोलमा अदीद मियाँदेखि मस्जिद मजार तथा मुहादिन मियाँ घर हुँदै वकील मियाँको घरसम्म | १८,०००.०० | ३००.०० |

**कैफियत:** लागत इस्टीमेट रकम दरभाउपत्रमा उल्लेख हुनेछ ।

वीरगंज उपमहानगरपालिका कार्यालयको

(सामाजिक विकास महाशाखा)

# विभिन्न लक्षित वर्ग कार्यक्रमको प्रस्तावना पेश गर्ने बारे १५ दिने सूचना

(प्रथमपटक प्रकाशित मिति २०७३।०४।२६)

आ.व. २०७३-०७४ को लागि यस कार्यालयको मिति २०७२।१२।१९ गतेको नगर परिषद्बाट विनियोजित लक्षित वर्गको तपसिलका कार्यक्रमहरू निम्न शर्तहरूको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र वीउमनपामा रीतपूर्वक सार्वजनिक खरिद ऐन २०६३, ऐ. नियमावली २०६४ र अन्य प्रचलित ऐन, नियम बमोजिम प्रस्तावना पेश गर्न हुन (Bid गर्नहुन) सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**शर्तहरू :**

१. सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ बमोजिम रीतपूर्वक पेश गर्नुपर्नेछ।
२. सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) भर्खरै पास भएकोले केही हेरफेर गर्नुपर्ने भएमा मात्र संशोधित सूचना प्रकाशित गरिनेछ।
३. प्रत्येक कार्यक्रमको बेग्ला बेग्लै प्रस्ताव पेश गर्नुपर्नेछ, जसमा प्राविधिक एवं आर्थिक प्रस्ताव छुट्टाछुट्टै शिलबन्दी गरी पेश गर्नुपर्नेछ। प्राविधिक प्रस्ताव स्वीकृत भएपछि मात्र आर्थिक प्रस्ताव खोलिनेछ। सम्बन्धित कार्यक्षेत्रमा अनुभव नभएका र सूचीदर्ता नभएकाहरूले प्रस्ताव पेश गर्न पाइने छैन।
४. प्रत्येक प्रस्तावका लागि रु. ३०० यस कार्यालयको राजस्व प्रशासन महाशाखामा रसिद लिई सक्कलै रसिद निवेदन साथ पेश गर्नुपर्नेछ र प्रस्तावना सामाजिक विकास महाशाखाबाट लिनुपर्नेछ।
५. विस्तृत जानकारीको लागि यस कार्यालयको सामाजिक विकास महाशाखामा सम्पर्क राख्नुपर्नेछ।

**तपसिल :**

| सि.नं. | कार्यक्रमको विवरण | विनियोजित रकम |
|---|---|---|
| १. | सुरक्षित मातृत्व सम्बन्धी अभिमुखीकरण कार्यक्रम | २००,०००.०० |
| २. | परिवारिक योजना सम्बन्धी परामर्श शिविर सञ्चालन | १५०,०००.०० |
| ३. | अपाङ्ग महिलाका लागि क्षमता विकास कार्यक्रम | १५०,०००.०० |
| ४. | महिलाहरूका लागि विभिन्न प्रतियोगितात्मक कार्यक्रम | १५०,०००.०० |
| ५. | महिला नेतृत्व विकास तालिम | १५०,०००.०० |
| ६. | महिला वक्तृत्वकला प्रतियोगिता | १००,०००.०० |
| ७. | किशोरी तथा महिलाहरूका लागि जनस्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम | २००,०००.०० |
| ८. | महिलाहरूका लागि साक्षरता कार्यक्रम | २००,०००.०० |
| ९. | प्रस्तावना तथा प्रतिवेदन लेख्न तालिम | १००,०००.०० |
| १०. | आधारभूत लेखा तालिम | १५०,०००.०० |
| ११. | महिला उद्घोषण तालिम | १५०,०००.०० |
| १२. | मधेसी, मुस्लिम, पिछडावर्गको सुरक्षित तथा मर्यादित वैदेशिक रोजगार सम्बन्धी अवसर तथा जोखिमबारे सचेतनामूलक कार्यक्रम | २००,०००.०० |
| १३. | युवा सशक्तीकरण कार्यक्रम | ३००,०००.०० |
| १४. | नेतृत्व विकास तालिम | २००,०००.०० |
| १५. | पोखरी, सडक तथा समुदायमा वृक्षरोपण कार्यक्रम | ३००,०००.०० |
| १६. | मधेसी, मुस्लिम, पिछडावर्गकोहरूका लागि परियोजना सञ्चालन | ३००,०००.०० |
| १७. | वातावरणमैत्री शहर बनाउन जनचेतना कार्यक्रम | ३००,०००.०० |
| १८. | ट्राफिक व्यवस्थापनका लागि जनचेतना कार्यक्रम | २००,०००.०० |
| १९. | चौमासिक पत्रकार सम्मेलन कार्यक्रम | ३००,०००.०० |
| २०. | सङ्घ संस्थाहरूको क्षमता विकास तालिम | ३००,०००.०० |
| २१. | कर्मचारीहरूका लागि क्षमता अभिवृद्धि तालिम | ३००,०००.०० |
| २२. | कला, साहित्य प्रवर्द्धन सामुदायिक रेडियोको माध्यमबाट प्रचारप्रसार तथा जनचेतनामूलक कार्यक्रम | ३००,०००.०० |
| २३. | फोहोर व्यवस्थापन कार्यक्रम | १००,०००.०० |
| २४. | टोल विकास समितिको गठन तथा सदस्यहरूको क्षमता विकास तालिम | ५००,०००.०० |
| २५. | सबै जातका विपन्न महिला वर्गका लागि लोक सेवा तयारी कक्षा सञ्चालन | ३००,०००.०० |
| २६. | नर्सिंग कक्षा सञ्चालन कार्यक्रम | ३००,०००.०० |
| २७. | विपद् जोखिम व्यवस्थापन तालिम | १००,०००.०० |
| २८. | टोल सुधार समितिका सदस्यहरूलाई फोहोरमैला न्यूनीकरण तथा व्यवस्थापन बारे जनचेतनामूलक तालिम | १००,०००.०० |
| २९. | विपद् जोखिमका पूर्वाभ्यास कार्यक्रम | ३००,०००.०० |
| ३०. | नगरपालिका र एनजिओबीच अन्तर्क्रिया कार्यक्रम | २००,०००.०० |
| ३१. | सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धि कार्यक्रम | १००,०००.०० |
| ३२. | विभिन्न विद्यालयका सम्पर्क व्यक्तिहरूलाई क्षमता अभिवृद्धि तालिम | २००,०००.०० |
| ३३. | जीविकोपार्जन तथा गरिबी निवारणमा टेवा पुऱ्याउने परियोजना सञ्चालन | २,०००,०००.०० |
| ३४. | सीप विकास तथा प्रवर्द्धन कार्यक्रम | ३००,०००.०० |
| ३५. | अपाङ्गहरूको सीप विकास तालिम | २००,०००.०० |
| ३६. | धूप तथा अगरबत्ती बनाउने तालिम | २००,०००.०० |
| ३७. | प्लास्टिक झोला न्यूनीकरणका लागि कपडाको झोला बनाउने तालिम | ३००,०००.०० |
| ३८. | बाँसको मुढा बनाउने तालिम | २५०,०००.०० |
| ३९. | फ्रिज मरम्मत तालिम | ३००,०००.०० |
| ४०. | मोटरसाईकल मरम्मत तालिम | ३००,०००.०० |
| ४१. | साइकल तथा रिक्सामरम्मत तालिम | २००,०००.०० |
| ४२. | मोटरबाइन्डिग मरम्मत तालिम | ३००,०००.०० |
| ४३. | हाउस वायरिंग तालिम | ३००,०००.०० |
| ४४. | सामाजिक परिचालक एवं कर्मचारीहरूलाई अवलोकन भ्रमण | ४००,०००.०० |
| ४५. | मोबाइल मरम्मत तालिम | ३००,०००.०० |
| ४६. | पेन्टिंग सम्बन्धी तालिम | ३००,०००.०० |
| ४७. | गाडी मरम्मत तालिम | ३००,०००.०० |
| ४८. | फोटो फ्रेमिंग तालिम | ३००,०००.०० |
| ४९. | मूर्तिकला तालिम | ३००,०००.०० |
| ५०. | पत्रकारिता सम्बन्धी तालिम | २००,०००.०० |
| ५१. | भूकम्प प्रतिरोधक भवन निर्माण सीपमूलक तालिम | ३००,०००.०० |
| ५२. | चित्रकला तालिम | २००,०००.०० |

आयो! आयो!! आयो!!! त्रिशक्ति छाप
भू-संजीवनी जैविक मल Organic Fertilizer
प्रयोग गरी ढुक्क हुनुहोस्।
यसका विशेषताहरू :
◆ यो प्राङ्गारिक जैविक मल भएकोले माटोमा आवश्यक सम्पूर्ण तत्त्वको प्राकृतिक रूपबाट स्वयं आपूर्ति गर्छ।
◆ यस मललाई प्रति कट्ठा १० केजी र प्रति रोपनी १५ केजीको दरले प्रयोग गऱ्यो भने १५ प्रतिशतदेखि २५ प्रतिशतसम्म उत्पादन बढाउँछ।
◆ माटोमा रहेको स्थिर फासफोरसलाई, मलभित्र भएको (PSB) फासफोरस स्लोब्लाइजिङ्ग बैक्टेरियाले बालीलाई चाहिने फासफोरस तत्त्व माटोबाट नै उत्पादन गर्छ।
◆ यस मलमा सूक्ष्म तत्त्व जिङ्क, आइरन, म्यागनिज र क्याल्सियम आदि भएकोले बालीलाई हरेक समय हरियो, बलियो, दाना पोटिलो र फल रसिलो बनाउनमा मदत पुऱ्याउँछ।
◆ यस मलमा रहेको Nitrobacter, Rhizobium, Azosprillium ले धान बाली र दलहन बालीमा हावाबाटै नाइट्रोजन सोसी बालीलाई हरेक समय हराभरा गराई उत्पादनमा वृद्धि गराउँछ।
नक्कली देखि सावधान
मल खरिद गर्दा त्रिशक्ति छापको चिन्ह हेर्न नभुल्नुहोला।

आयातकर्ता
मनोज इन्टरनेशनल ट्रेडर्स, वीरगंज
फोन नं. ०५१-५२५५५६, ५२९८९३